१२२६/८४०

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४२५/२०७१/०७२

निर्णय नं. ८४०

जिल्ला काठमाण्डौ गंगबु बस्ने कुमार बाबु श्रेष्ठ ...................................................... १ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला बन कार्यालय, धादिङ ...................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला वन कार्यालय, धादिङ ...................................................१

विषय :- आवश्यक कागजात उपलब्ध गराउनु भनिएकोमा उपलब्ध नगराईएकोले तामेलीमा राख्ने ।

जिल्ला काठमाण्डौ गंगबु बस्ने कुमार बाबु श्रेष्ठले जिल्ला बन कार्यालय, धादिङ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध गराउदा बढी दस्तुर लिएकोले फिर्ता गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।१४ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०२।३२ को पत्रबाट जिल्ला बन कार्यालय, धादिङलाई पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले बढी तिरेको दस्तुर फिर्ता पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि रकम फिर्ता पाईन भनी पुनरावेदक स्वंयले पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले माग अनुसार रकम फिर्ता पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ २ गते रोज १ शुभम्